REGIONAL NEWS

ALL INDIA RADIO GANGTOK

NEPALI NEWS

18:40 hrs 26.02.2025

## State Health Minister

स्वास्थ्य तथा परिवार कल्याण राज्य मन्त्री अनुप्रिया पटेलले आज राजभवनमा राज्यपाल ओम प्रकाश माथुरसँग भेट गर्नुभयो। बैठकमा सिक्किमका जनताका लागि स्वास्थ्य सेवा पूर्वाधारलाई सुदृढ पार्ने र चिकित्सा सेवामा सुधार गर्ने विषयमा केन्द्रित राज्यका विभिन्न स्वास्थ्य सम्बन्धी पहलहरूबारे छलफल भयो।

## Khas Foundation Day

अखिल सिक्किम खस छेत्री-बाहुन कल्याण सङ्घले आफ्नो स्थापनाको तिसौँ वर्षगाँठ आज गेजिङको क्योङ्सा खेलमैदानमा भव्य रूपमा पालन गर्‍यो। कार्यक्रममा मुख्यमन्त्री प्रेमसिंह तामाङ मुख्य अतिथि हुनुहुन्थ्यो। समारोहमा सङ्घका अध्यक्ष नारायण खतीवड़ाले स्वागत मन्तव्य राख्नुभयो भने सिक्किम विश्वविद्यालय नेपाली विभागका सहायक प्राध्यापक डा. बलराम पाण्डेले खस जाति र संस्कृतिमाथि भाषण प्रस्तुत गर्नुभयो अनि शिक्षा, खेलकुद तथा युवा मामिला विभाग मन्त्री राजु बस्नेतले पनि आफ्नो मन्तव्य राख्नुभयो। कार्यक्रममा सिक्किमभरिका खस छेत्री- बाहुनको पक्षबाट सङ्घले मुख्यमन्त्रीलाई भव्य अभिनन्दन जनायो। मुख्यमन्त्रीले कार्यक्रम परिसरमा स्थापित स्टलहरूको निरीक्षण पनि गर्नुभयो।

## CM-Khas Diwas

मुख्यमन्त्री श्री तामाङले अखिल सिक्किम खस छेत्री-बाहुन कल्याण संघको तिसौँ स्थापना दिवस समारोहलाई सम्बोधन गर्दै, संघको तिसौँ स्थापना दिवसको हार्दिक बधाई तथा शुभकामना दिनुभयो। उहाँले सिक्कमेली समुदायको मेरूदण्डका रूपमा रहेको खस समुदायले आफ्नो स्थापना दिवस 30 बर्षपछि स्वतन्त्र रूपले पालन गर्न पाएको बताउनुभयो। साथै उहाँले खस समुदायले प्रत्येक क्षेत्रमा सिक्किमलाई मजबुत बनाएको छ भन्दै, खस समुदाय कसै गरी टुक्रिन नहुने र वर्तमान सरकार सदैव खस समुदायका साथमा रहेको बताउनुभयो। उहाँले सिक्किमको एकतालाई कहिले पनि तोड्न दिनेछैनौँ भन्दै, हामी तोडेर होइन जोडेर सरकार चलाउँछौँ भन्नुभयो। साथै, उहाँले छुटेका 12 जातिलाई जनजाति बनाउन सिक्किमा राज्य उच्च स्तरीय समिति गठन गरिएको जानकारी गराउँदै, गत 10 फरवरीको दिन

दिल्लीमा उच्च स्तरीय समितिको दोस्रो बैठक सम्पन्न भएको अनि त्यस बैठकमा 12 जातिलाई जसरी भए पनि जनजातिको मान्यता दिलाएरै छोड्ने विषयमा छलफल भएको जानकारी गराउनुभयो। उहाँले गत पाँच बर्षमा सरकारले विविध जातीय संघ-संस्थाहरूका निम्ति गरेका कार्यहरूको उल्लेख गर्दै, सबै जातीय भवननिर्माणको जानकारी गराउनुभयो र खस संघका अध्यक्षद्वारा अघि सारिएका विभिन्न मागलाई सम्बोधन गर्दै, सबै मागहरू पूरा गरिने बताउनुभयो। मुख्यमन्त्रीले खस  समुदायलाई सम्मान प्रदान गर्दै, प्रत्येक बर्ष 26 फरवरी सरकारी विदा दिइने घोषणा गर्नुभयो।

## Sikkim Team-Kerala

सिक्किम सरकारको पहल र प्रायोजनमा दस सदस्यीय सिक्किमे अवलोकन टोली पाँचदिने केरला भ्रमणमा रहेको छ।  टोलीले केरला राज्यको पर्यटन विकास र प्राकृतिक स्रोतको संरक्षण सम्बन्धमा जानकारी दिँदै, यस राज्यले केवल पर्यटनको क्षेत्रबाट मात्र 12 प्रतिशत सकल घरेलु उत्पादनमा हिस्सेदारी वहन गरेको जानकारी केरला राज्य पर्यटन विकास निगमका प्रबन्धकबाट प्राप्त भएको बताएको छ। टोलीका अनुसार, निगम प्रबन्धकले सिक्किमको हिमालय र कञ्चनजङ्घासित समुद्र तट, यहाँको वन्य विविधता र आरण्य क्षेत्रलाई जोड्न आफूहरू इच्छुक रहेको अनि सिक्किमको स्वच्छ पर्यावरण, प्लास्टिकमुक्त राज्य र अन्य योजनाहरूदेखि प्रभावित भएको भन्दै, सिक्किमको प्रशंसा गर्नुभयो। उहाँले सिक्किमका पर्यटन क्षेत्रका हितधारकहरू केरला राज्यसित सहकार्य गर्न इच्छुक भएमा आफूहरू हिमाल र समुद्र तटीय राज्यबीच गहिरो सम्बन्ध गाँस्न तयार रहेको बताउनुभयो। सिक्किमेली पत्रकार टोलीको नेतृत्व गर्दै, सूचना एवं जनसम्पर्क विभागका निर्देशक उमेश सुनामले  पर्यटन र राज्य सरकारद्वारा प्रायोजित अवलोकन भ्रमणबारे आफ्नो समकक्षी प्रबन्धक निर्देशकलाई जानकारी गराउनुभयो।

## RNU-NRT

प्रादेशिक समाचार एकांश, गान्तोकले सामयिक समाचारवाचक एवं अनुवादक पदका लागि योग्य उम्मेदवारहरूबाट आवेदन आमन्त्रित गरेको छ। आवेदनहरू प्राप्त गर्ने अन्तिम मिति फेब्रुअरी २८, २०२५ तोकिएको छ। विस्तृत जानकारीका लागि, वेबसाइट newsonair.gov.in/vacancies/ हेर्न अनुरोध गरिन्छ।

## Weather

स्थानीय मौसम विज्ञान विभागले दिएको रिपोर्टअनुसार बितेको चौबिस घण्टामा गान्तोक र वरपर क्षेत्रका अधिकतम तापमन 17.8 डिग्री सेल्सियस  र न्यूनतम तापमन 8 डिग्री सेल्सियस रेकर्ड गरियो। विभागले भोलि अधिकतम तापमान 16  डिग्री  सेल्सियस र न्यूनतम तापमान 9 डिग्री सेल्यिस रहने पूर्वानुमान गरेको छ।